## ग्राहक गोपनियताबारे सूचना (नेपाल)

यो गोपनीयताको सूचनाले हामीले तपाईंको व्यक्तिगत डाटालाई कसरी हेर्ने प्रतिज्ञा गरेका छौँ भन्ने जानकारी दिन्छ । यस सूचनाले हामीले तपाईंलाई हायर सेवा उपयोग गर्न सक्षम बनाउनका लागि कस्तो जानकारीको प्रयोग गर्छौं, कसरी तपाईंले प्रदान गर्नुभएको जानकारीले तपाईंलाई सुरक्षित राख्छौं र तपाईंलाई उपलब्ध कानूनी उपचार र नियन्त्रणका व्यवस्थाहरुको जानकारी दिन्छ । यस सूचनाले तपाईंलाई आफ्नो गोपनीयताको हक र कसरी डाटा सुरक्षाका नियमहरुले सबैलाई सुरक्षित राख्न मद्दत गर्छ भनेर पनि जानकारी प्रदान गर्नेछ ।

यस सुचनामा तल अन्यथा उल्लेख गरेकोमा बाहेक Bolt Operations **OÜ** बाहेक तपाईंको व्यक्तिगत डाटाको नियन्त्रक हुनेछ ।

हाम्रो हुलाक ठेगाना:

Vana-Lõuna 15 Tallinn 10134 Estonia

हामिले एक डाटा सुरक्षा कर्मचारीलाई नियुक्त गरेका छौँ र वहाँलाई तपाईंले सिटि पेजेज मा पाइने हाम्रा कुनै पनि हुलाक ठेगाना अथवा privacy@bolt.eu मा सम्पर्क गर्न सक्नुहुनेछ । कृपया खाममा 'Data Protection Officer' भनेर प्रष्ट लेखिदिनु होला ।

"हामी" अथवा "हाम्रो" भन्नाले इस्टोनियाको कानूनबमोजिम दर्ता तथा संस्थापना गरिएको र दर्ता नं. १४५३२९०१ रहेको प्राइभेट लिमिटेड कम्पनी **Bolt Operations OÜ** लाई जनाउछ ।

"तपाईं" अथवा "तपाईंहरुको" भन्नाले आफ्नो बोल्ट एप को खाताबाट हायर सेवा आवेदन गर्ने वा पाउने ग्राहकलाई जनाउछ ।

१. हामीले प्रसोधन गर्ने व्यक्तिगत डाटा

हामीले तपाईंलाई हाम्रो मार्केटप्लेस मा उत्कृष्ट सेवा प्रदान गर्नका निमित्त आवश्यक पर्ने विवरण मात्र प्रसोधन गर्छौं ।

- सम्पर्क विवरण: जस्तै नाम, फोन नम्बर र इमेल ठेगाना । कुनै सेवाका लागि तपाईंको घरको ठेगाना जस्तो अलि धेरै विवरणको आवश्यकता पर्न सक्छ ।
- खाताको विवरण: प्रोफाइलमा भएको तस्बिर, सेभ गरिएका ठेगाना, भाषा र संचार माध्यमको प्राथमिकता । कुनै सेवाका लागि तपाईंको सवारी चालक अनुमतिपत्रको विवरण जस्तै अरु विवरणको आवश्यकता पर्न सक्छ ।

- भौगोलिक स्थान: जस्तै कहाँबाट सेवा चाहिने हो वा तपाँइको ठेगानाबाट नजिक भएका स्कुटरहरुको ठेगाना, हायर सेवाको समय, दौरान र अन्तिम गतव्य ।
- कूल शुल्क जस्ता भुक्तानीका सुचनाहरु ।
- संचार वा पत्राचारको विवरण जस्तै  तपाई हाम्रो एप **भित्रको कुराकानीमा संलग्न भएमा वा** ग्राहक सेवा कर्मचारीहरुसँग वार्ता भएमा।
- बोल्ट एप इन्स्टल गरिएको उपकरणको सिमित पहिचान तथ्याङ्क जस्तै IP address ।
- हायर सेवाको प्रयोगको तथ्यांक: जस्तै हायरको स्थिती, समयहरु र चालकहरुले गरेको तपाईंको आचरणको मूल्यानाकन।
- बोल्ट एपमा चालकसँग "Chat with Driver" चयन गरि तत्काल गरिएको इन्स्टेन्ट मेसेज मार्फतको संचारको विवरण: संचारको मिति, समय र सामग्री ।
- अरु प्रयोगकर्ताले जारि गर्ने सामग्री जस्तै पार्क गरिएका विद्युतिय गाडीहरुका तस्बिर ।

२. प्रसोधनको उद्देश्य

हामी तपाईंको डाटा तपाईंलाई एक वा एक भन्दा बढी सेवा प्रदान गर्नका लागि प्रसोधन गर्ने गर्छौं:

हामी तपाईंलाई चालकसँग सम्पर्क गराऊछौं, स्कुटर लगायतका सवारी साधन हायर गर्न मद्दत गर्छौं: हामी तपाईंलाई लिन र पुर्याउन मिलोस् भनेर चालकलाई ग्राहकसँग सम्पर्क गराउनका लागि वा सबैभन्दा नजिक हायर गर्न मिल्ने साधनहरु कहाँ उपलब्ध छन् भनी तपाईंलाई देखाउनका लागि डाटा प्रसोधन गर्छौं । बोल्ट एपमा चालकसँग गरिएका इन्स्टेन्ट मेसेज सेवा प्रदान गर्न वा ग्राहक सेवा (चालक र ग्राहकबीच केहि विवाद आएमा समाधान गर्न), सुरक्षाका लागि र हाम्रो सेवाको मूल्यांकन गरि गुणस्तर बढाउन प्रसोधन गर्छौं ।

हामी तपाईंलाई जहाँ जान मन छ त्यहाँ पुर्याउछौँ: भौगलिक स्थान सम्बन्धि तथ्यांक देखाएर र ग्राहकको सम्पर्क नम्बर चालकलाई उपलब्ध गराएर हामी लिने र पुर्याउने सेवा कुशल  रुपमा प्रदान गर्छौं र कुनै पनि यात्राको रुट पारदर्शी होस् भनेर सुनिश्चित गर्छौं । बोल्ट एप सुचारु भए पश्चात् मात्र भौगलिक स्थान सम्बन्धि तथ्यांक जम्मा गरिन्छ र बन्द भए पश्चात् बन्द गरिन्छ । कुनै देशहरुमा चालकहरुलाई ग्राहकको समपर्क नम्बर प्रत्यक्ष देखाईएको हुदैंन तर अर्कै नम्बर

देखाइए पनि सो नम्बर ग्राहकको नम्बरमा डाइभर्ट गर्दै चालकले ग्राहकसँग संचार गर्न सक्नेछन् ।

तपाईंको हायर गरिएको सेवा सजिलो रुपमा सम्पन्न होस् भनी हामी सुनिश्चित गर्छौं: हामीले भौगलिक स्थान सम्बन्धि तथ्यांकको प्रयोग गरेर आवेदन गरिए जसरी नै सेवा प्रदान गर्छौं र सेवाको गुणस्तरमा केहि समस्या आएमा समाधान गर्न प्रयोग गर्छौं । ठिक शुल्क लिनका लागि, प्रयोग भएका बैटरीलाई चार्ज गर्न र हाम्रो फ्लिटको मात्रा नियन्त्रण गर्नका लागि हायर गरिएको साधनले ठ्याक्क कहाँ छोड्यो भन्ने भौगलिक स्थान सम्बन्धि तथ्यांकको प्रयोग गरिन्छ ।

हामी एप **सर्बोत्तम** छ भनी सुनिश्चित गर्छौं: हामी ग्राहकले उपलब्ध गराएका सम्पर्क विवरण मार्फत ग्राहकहरुले सेवा प्रयोग गरिरहनका लागि बोल्ट एपमा आएका नयाँ संस्करणहरुको जानकारी गराऊछौं । ग्राहकको खाताको प्रमाणीकरण मार्फत सुरक्षा गर्न र हाम्रो इन्टरनेट, मोबाइल र टेलिफोन सेवासँग जोड्नका लागि बोल्ट एप इन्स्टल गरिएको उपकरणको सिमित पहिचान तथ्याङ्क पनि लिने गर्छौं ।

हायर गरिने सवारी एपमा रहेको सबैभन्दा छिटो, सस्तो र सजिलो पर्ने सवारी हो भन्ने सुनिश्चितता गर्छौं: ग्राहकहरुले प्रयोग गरेका रुटको डाटा जम्मा गरेर हामीले भौगोलिक कवरेजको मुल्यांकन गर्छौं । यसरी हामीले चालकहरुलाई छिटो, सजिलो रुटहरुको सुझाव दिन, हाम्रा भाडाका साधनहरु पनि स्कुटरहरु जस्तै ग्राहकहरुको लागि सबै भन्दा सजिलो स्थानहरुमा छन् भनेर सुनिश्चित गर्न मद्दत गर्छ ।

हामीले आफ्नो स्तर कायम गर्ने र सुधार गर्ने गर्छौं: हामी चालक प्रतिक्रियाबाट हायर सेवाको स्थिति, समय र ग्राहक रेटिंगको डाटा जम्मा गर्दछौं । यसले ग्राहकको सुरक्षाको प्रोत्साहन गर्नु साथसाथै हाम्रो नियम तथा शर्तहरूको पालना बढाउन मद्दत गर्छ र हामीले सबैलाई गुणस्तरीय र आनन्ददायक सेवा प्रदान गर्दैछौं भन्ने सुनिश्चित गर्छ । समस्या समाधान गर्न, सेवाको गुणस्तर बढाउन र प्रतिक्रिया जम्मा गर्नका लागि ग्राहक सहयोग डाटा र पत्राचार जम्मा गरिन्छ ।

हामी तपाईंलाई सूचित राख्छौं: तपाईंको नाम, फोन नम्बर र इमेल ठेगाना तपाईंलाई आफ्नो हायर सेवा समाप्त भएको, सेवाको आवेदन स्वीकृत भएको पत्राचार र रसिद, महत्वपूर्ण सेवा अपडेट बारे जानकारी जस्तै मौसमका कारणले सेवा अवरुद्ध भएमा सूचित गर्न प्रयोग गर्नेछौँ ।

३. कानूनी आधार:

उचित कारण भएमा हामीले माथि उल्लिखित तरिकामा व्यक्तिगत जानकारीको प्रयोग गर्न सक्नेछौं । हामी सधै उचित कारण भएमा मात्र तपाईंको व्यक्तिगत डाटाको प्रयोग गर्नेछौं ।

धेरै जसो व्यक्तिगत डाटा बोल्ट एप मार्फत सम्झौता गरिएका सेवा प्रदान गर्न प्रसोधन गरिन्छ । यसको मतलब, तपाईंलाई प्रतिज्ञा गरिएको सेवा प्रदान गर्न र हाम्रा नियम तथा शर्तहरूको पालना गर्न हामीले तपाईंको व्यक्तिगत डाटा प्रसोधन गरि सो दायित्व पूरा गर्नेछौं ।

अन्य अवस्थामा हामी तपाईंको व्यक्तिगत डाटाको प्रसोधन गर्नुपर्ने वैध कारणको आधारमा मात्र गर्छौं । वैध कारण भन्नाले हाम्रा ग्राहक र साझेदारहरुलाई नविन, व्यतिगत, सुरक्षित र नाफामूलक सेवा प्रदान गर्ने हाम्रा व्यवसायिक स्वार्थ समेत पर्छन् (यी स्वार्थहरु भन्दा महत्वपूर्ण अन्य वैध कारणले गर्दा यी स्वार्थलाई प्रतिस्थापन नगरे सम्म)। वैध कारणहरुमा ठगीउन्मुख भुक्तानीहरु र अन्य अनैतिक क्रियाकलापहरुको अनुसन्धान गर्ने, हाम्रा नेटवर्क र सिस्टमहरुको सुरक्षा कायम राख्ने र शङ्कास्पद अपराधिक घटनाहरुको प्रतिक्रिया दिने कार्यहरु समेत पर्छन् ।

हामी समय-समयमा अरु कानूनी विकल्पहरुमा पनि आधारित हुन सक्छौं:

कानूनी दायित्व अनुपालन गर्नु परेमा, जस्तै कानूनी रुपमा आवश्यक भएमा डाटा प्रसोधन गर्ने, उदाहरणका लागि, व्यक्तिगत विवरण तेस्रो पार्टीलाई खुलाउन पर्ने कानूनी अनुरोध कानूनी निकाय (अदालत वा नियमक निकायक निकाय) बाट आएमा:
तपाईंको वा अरुको महत्त्वपूर्ण अधिकारहरू संरक्षण गर्नको लागि जस्तै कुनै आपतकालिन घटना भएमा वा जीवन निकट खतरामा भएमा; वा

तपाईंले हामीलाई **अरु कुनै** निश्चित उद्देश्यको लागि पुर्ण रुपमा सूचित गरे पश्चात स्पष्ट सहमति दिएमा ।

उपलब्ध कानुनी आधारहरुमा वैध कराण को सिद्धान्त नभएका देश जस्तै नाइजेरियामा बोल्ट माथि उल्लिखित अरु कानूनी विकल्पहरुमा आधारित हुनेछ ।

तपाईंले हामीलाई व्यक्तिगत विवरण दिन नचाहेमा हामीले तपाईंसँगको करार पूरा गर्न नसक्ने अवस्थाको सिर्जना हुन्छ र कानूनले हामीबाट अपेक्षा गरेको दायित्व पनि पूरा गर्न असफल हुन्छौं । हामीले तपाईंको खाता संचालन गर्न नसक्ने पनि हुन सक्छौँ । उदाहरणका लागि, हामीले तपाईंले बोल्ट एप इन्स्टल गर्दा र प्रयोग गर्दा दिएका व्यक्तिगत विवरण सङ्कलन गरेर प्रसोधन गर्छौं; यदि तपाईंले एपमा भौगोलिक स्थान डाटा साझा गर्न इन्कार गर्नुहुन्छ भने, हामी तपाईंको स्थानमा हामीले हाम्रो चालकलाई लिन पठाउन नसक्ने र हाम्रा आफ्ना गाडीहरू तपाईंसँग नजिकै छन् कि छैनन् भनेर पनि तपाईंलाई देखाउन सक्दैनौं। हामीले आफ्ना अन्य दायित्व पनि पूरा गर्न सक्दैनौ, जस्तै यदि तपाईंले आफ्नो खाताको अखण्डताका लागि परिचय प्रमाणीकरण गर्न इन्कार गर्नुहुन्छ भने तपाईंको खाता ठगि नियन्त्रणका लागि निलम्बित वा अवरुद्ध हुनसक्छ ।

४. प्रापकहरु

हामी विश्वश्नीय साझेदारहरु र अधिकारीहरुसँग मात्र काम गर्छौं । केहि कारण भएमा मात्र हामी त्यस्तो पक्षलाई तथ्यांक दिन्छौं । हामी चाहिने तथ्यंक मात्र उपलब्ध गराऊँछौ । हामी तपाईंको व्यक्तिगत तथ्यंक बिक्रि गर्दैनौं ।

ग्राहकको व्यक्तिगत विवरण तब मात्र चालक समक्ष पुग्छ जब उनीहरु बोल्ट एपमा हायर सेवा लिईरहेका हुन्छन्, यस्तो बेलामा चालकले ग्राहकको नाम, फोन नम्बर (केहि देशमा यो पनि देखिदैन), उनीहरुको रेटिङ्ग र भौगोलिक स्थानको डाटा देख्छन् ।

सेवा प्रदान गरेको २४-२८ घण्टासम्म मात्र चालकले ग्राहकको नाम, फोन नम्बर (केहि देशमा यो पनि देखिदैन), उनीहरुको रेटिङ्ग र भू-स्थान डाटा देख्छन् । चालकहरुलाई केहि समस्या परे समाधान गर्नका लागि यो प्रावधान जरुरी छ, जस्तै गाडीमा केहि छुटेमा चालकले ग्राहकलाई सम्पर्क गर्नुपर्ने र पुर्याइदिनु पर्ने हुनसक्छ । अहो !

ग्राहकहरुले चालकको बारेमा दिएको प्रतिक्रिया भने गोप्य हुन्छ र ग्राहकको रेटिङ्ग ग्राहक र बोल्टबिच गोप्य हुनेछ ।

यात्रुको स्थान अनुसार व्यक्तिगत डाटा बोल्ट ग्रुपका कम्पनीहरु र साझेदारहरु ( स्थानीय सहायकहरु, प्रतिनिधिहरु, सम्बधित संस्थाहरु, अभिकर्ता आदी) लाई खुलासा गर्न सकिन्छ । यस गोपनियताको सूचनाले उल्लेख गरे अनुसार नै बोल्ट ग्रुपका कम्पनीहरु र साझेदारहरुले व्यक्तिगत डाटाको प्रसोधन गर्नेछन् । अरु प्रावधान आफ्नो देशको पेजमा हेर्न सक्नुहुन्छ ।

कुनै अवस्थाहरुमा हामी कानूनले नै बाहिरी प्रापकहरुलाई विवरण उपलब्ध गराउन बाध्य हुन्छौं । जस्तै, अदालतको आदेश भएमा वा उजुरी वा अनुसन्धान गर्दा कुनै डाटा सुरक्षा निकायसँग सहकार्य गरेमा । कुनै कानून कार्यान्वयन गर्ने निकायहरु बाट आवेदन प्राप्त भएमा सो आवेदन त्यस क्षेत्राधिकारमा सार्वजनिक सरोकारको विषयलाई अघि बढाउन गरिएको, त्यस क्षेत्रका प्रयोगकर्ताहरुलाई असर गर्ने र अनतराष्ट्रिय रुपमा मान्यता प्राप्त स्तरसँग मिल्ने भएमा हामीलाई असल मनसायमा गरिएको आवेदन भन्ने विश्वास गरि त्यस्ता आवेदनमा सहयोग पुर्याउनेछौँ । यस्तो बेला, हामीले जानकारी दिने कानूनी आधार भएको विश्वशत भई सो दिने निर्णयलाई अभिलेख गर्नेछौँ ।

## ५. सुरक्षा र पहुँच

सेवा प्रदान गर्ने क्रममा जम्मा गरिएको व्यक्तिगत डाटा हामी जोन मिडिया लि. र अम्याजोन वेब सर्भिसेसका युरोप युनियनका सदस्य देशहरुमा स्थित डाटा सेन्टरमा पठाई भण्डारण गर्छौं । बोल्ट ग्रुपका अधिकारप्राप्त कम्पनीहरु र साझेदारहरुलाई मात्र यो व्यक्तिगत डाटाको पहुँच हुनेछ र उनीहरुले सेवा प्रदान गर्दा आएका समस्याको (हायर सेवामा आउने विवादहरु) समाधान गर्न मात्र सो डाटामा पहुँच पाउनेछन् ।

बोल्ट ग्रुपका कम्पनीहरु र साझेदारहरुले सो देशमा ग्राहक सेवा प्रदान गर्न आवश्यक व्यक्तिगत डाटाको मात्र पहुँच पाउनेछन् ।

हाम्रो अनुसन्धान र वैज्ञानिक उद्देश्यका लागि सबै डाटा, जस्तै भू-स्थानको डाटालाई व्यक्ति चिन्न नमिल्ने गरि गुमनाम रूपमा राखिएको हुन्छ ।

## ६. तपाईंका अधिकार र नियन्त्रणहरु

हामी तपाईंको आफ्नो व्यक्तिगत डाटा तपाईंको नियन्त्रणमा रहोस भन्ने चाहान्छौं । बोल्टले तपाईंलाई एप भित्रै आफ्नो व्यक्तिगत विवरण डाटा हेर्ने र हायर सेवाको इतिहास हेर्न मिल्ने

बनाएको छ । हामीले एप भित्रै विज्ञापनहरु सुचारु राख्न मिल्ने वा हटाउन मिल्ने र पारदर्शि रुपमा कुकीहरुको प्रयोगको सहमति लिने गरेका छौँ ।

तपाईंको पहुँचको अधिकार

तपाईंले आफ्नो व्यक्तिगत डाटा बोल्ट एप मार्फत पहुँच गर्न सक्नुहुन्छ । तपाईंलाई आफ्नो व्यक्तिगत विवरणको प्रतिलिपिको लागी हामीसंग माग गर्ने अधिकार छ। तर यस अधिकारमा केहि सिमा छन्, जस्तै जब हामीले अरूको अधिकारलाई सन्तुलनमा राख्नुपरे तपाईंले सधैं हामीले प्रशोधन गर्ने सबै जानकारी प्राप्त गर्न सक्नुहुन्न।

तपाईंको सच्याउने अधिकार

तपाईंले आफ्नो व्यक्तिगत डाटा बोल्ट एप मार्फत पहुँच र अध्यावधिक गर्न सक्नुहुन्छ । तपाईंलाई आफ्नो व्यक्तिगत विवरण गलत भएमा हामीलाई सच्च्याउन लगाउने अधिकार छ । तपाईंलाई कुनै विवरण पूरा नभए हामीलाई सो विवरण पूरा गर्न लगाउने अधिकार छ ।

तपाईंको मेटाउने अधिकार

तपाईंलाई कुनै परिस्थितिमा हामीलाई आफ्नो व्यक्तिगत डाटा मेटाउन लगाउने अधिकार छ ।

तपाईंको प्रशोधन निषेध गराउने अधिकार

तपाईंलाई कुनै परिस्थितिमा हामीलाई आफ्नो व्यक्तिगत डाटा प्रशोधन गर्नबाट निषेध गराउने अधिकार छ । यसको मतलब, तपाईंको डाटा कानूनी दावीहरुमा वा कानूनी अधिकारको प्रयोग गर्दा मात्र प्रयोग गरिने छ ।

तपाईंको प्रशोधन गर्न विरोध गर्ने अधिकार

यदि वास्तविक कारणमा आधारित भएर हो भन्ने लागेमा तपाईंलाई प्रशोधनको विरोध गर्ने अधिकार छ । तपाईंले हाम्रो स्वचालित निर्णयहरुलाई व्यक्तिगत रुपमा पुनरावालोकन गरियोस भन्न सक्नुहुनेछ ।

तपाईंको डाटाको पुनःप्रयोग (पोर्टेबिलिटि)को अधिकार

तपाईंलाई कुनै परिस्थितिहरुमा हामीलाई तपाईंले प्रदान गर्नुभएको विवरण एक संस्थाबाट अर्को संस्थामा पुर्याउन वा तपाईंलाई दिन अनुरोध गर्ने अधिकार छ । यो प्रावधान तपाईंले हामीलाई प्रदान गर्नुभएको विवरणमा मात्र लागु हुनेछ ।

कुनै सूचित गरिएको घटना बाहेक तपाईंले बोल्ट एप मार्फत तत्काल गर्नुभएको कुराकानीहरु ९० दिन मात्र राखिने छ । तर सूचित गरिएको घटनाको मेसेजहरुको अवधारणको दौरान भने ६ महिनाको हुनेछ ।

७. अवधारण

बोल्टले निश्चित समयसम्म माथि उल्लिखित आवश्यक परिस्तिथिमा मात्रै प्रयोगकर्ताहरुको डाटा राख्ने गर्छ । हामीले त्यसैले विभिन्न तरिकाका डाटा विभिन्न दौरान सम्म डाटाको प्रकार हेरी, त्यो कस्तो हायर सेवासँग जोडिएको छ र कुन उद्‌देश्यका लागि सो डाटा जम्मा गरिएको थियो भन्ने हेरेर मात्र राख्छौं ।

चालु अवस्थाको यात्रु खाता भएसम्म तपाईंको व्यक्तिगत डाटा भण्डारण गरिने छ । यदि तपाईंको खाता बन्द गरिए मात्र सो व्यक्तिगत डाटालाई हटाइने छ (भण्डारण तालिका र नियम अनुसार) । यद्‌द्यपी सो डाटा कुनै कानूनी दायित्व पूरा गर्न चाहिने भए, कुनै विवाध समाधान प्रक्रियामा आवश्यक भए वा ठगि निवारण गर्न आवश्यक भए हटाइने छैन ।

अन्तिम हायर सेवाको तिन बर्ष सम्म ग्राहकहरुको आर्थिक डाटा भण्डारण गरिने छ । अरु लेखामा चाहिने डाटा भने अन्तिम हायर सेवाको सात वर्षसम्म भण्डारण गरिने छ ।

यदि कुनै अपराधको शङ्का भएमा, ठगि वा गलत विवरण दिईएको भएमा सो डाटा आन्तरीक, कानूनी र नियामानुसार आवश्यक हुने अवधिसम्म भण्डारण गरिने छ ।

भुक्तानीसँग सम्बन्धीत विवादहरुको मामिलामा दावी अन्त्य नभए सम्म वा दावी को म्याद नसक्किए सम्म डाटा अवधारण गरिनेछ ।

हायर सेवाको एतिहासिक डाटा र सेवा प्रयोग सम्बन्धी डाटा तिन वर्षसम्म अवधारण गरिनेछ जसपछी सो डाटालाई अन्य गुमनाम रूपमा राखिने छ ।

कृपया याद गर्नुहोला कि बोल्ट एप आफ्नो साधनबाट हटाउनाले तपाईंको व्यक्तिगत डाटा मेटिने छैन । यदि बोल्ट एप तिन वर्ष सम्म प्रयोग गरिएको छैन भने हामीले तपाईंलाई तपाइँ आफ्नो खाता पछिको लागि जारि राख्न चहानु हुन्छ वा हुन्न भनी सोधछौँ । सोधे पश्चात् मनासिव समयमै केहि जवाफ नआएमा तपाईंको खाता बन्ध गरि यस गोपनियताको सूचनामा उल्लिखित उद्देश्यका लागि आवश्यक नपर्ने भए सबै व्यक्तिगत डाटा हटाउने छौं ।

८. प्रत्यक्ष मार्केटिङ

यदि तपाईंले हामीलाई त्यसो गर्न अनुमति दिनुभएको छ भन्ने आधारमा वा सफ्ट अप्ट-इनको आधारमा हामीले तपाईंको इ-मेल ठेगाना र/वा फोन नम्बरमा प्रत्यक्ष मार्केटिङ सन्देशहरू पठाउन सक्छौं । तपाईले बोल्टको सेवाहरू कसरी प्रयोग गर्नुहुन्छ भन्ने जानकारी (जस्तै तपाईले बोल्ट एप कति पटक प्रयोग गर्नुहुन्छ, र तपाईको हायर प्राथमिकताहरू) प्रयोग गरेर हामीले प्रत्यक्ष मार्केटिङ सन्देशहरूलाई व्यक्तिगत बनाई पठाउन सक्छौं ।

यदि तपाईं अब प्रत्यक्ष मार्केटिङ सन्देशहरू प्राप्त गर्न चाहनुहुन्न भने, कृपया हाम्रो इमेलहरू मध्ये एकको फुटरमा रहेको "सदस्यता रद्द गर्नुहोस्" लिङ्कमा क्लिक गर्नुहोस्, वा बोल्ट एपको प्रोफाइल खण्डमा अप्ट-आउट गर्नुहोस्। कति सजिलो।

९. स्वचालित निर्णय लिने प्रकृया

हामी चेतावनी जारी गर्ने र हायर सेवा निलम्बन लागू गर्ने मामिलामा स्वचालित निर्णयक्रियाको मद्दत लिन्छौं । स्वचालित निर्णयक्रिया प्रयोग गर्नु हाम्रो कर्मचारीहरू प्रयोग गर्नु भन्दा कम त्रुटि-प्रवण, अधिक सक्षम र सुरक्षित छ। चेतावनी वा निलम्बनको आवश्यकता मूल्याङ्कन गर्दा तपाईंको हायर सेवाहरूको प्रयोगको बारेमा डाटा (हायर स्थिति र रद्दीकरण र सेवा मगाएर नआएको र  तपाईंको आचरणको बारेमा चालकहरूले गरेको मूल्याङ्कन) लाई विचार गरिन्छ। तपाईं यहाँ स्वचालित निर्णयक्रिया गर्नेबारे थप पढ्न सक्नुहुन्छ। हायर सेवा निलम्बन भएमा सो ६ महिनासम्म कायम रहनेछ र  त्यसपछि सेवामा पहुँच पुनर्स्थापित गरिनेछ।

हामी आफ्नो सेवा सुचारु राख्नका लागि गर्नुपर्ने आवश्यक ठगीको निवारणका लागि जाँचहरू, भुक्तानिको सुनिश्चितता र ग्राहकहरूलाई ठगिबाट सुरक्षा सुनिश्चित गर्न पनि स्वचालित निर्णयक्रियाको उपयोग गर्छौं ।

हाम्रो प्लेटफर्मको सुरक्षाका र नियम र सर्तहरुको पालनाको लागि हामीले स्वचालित निर्णयक्रियाको उपयोग गरेर तपाईंलाई प्रमाणित गर्न सक्छौँ ।

तपाईंलाई हाम्रो एपमा रहेको ग्राहक सेवा मार्फत यसरी गरिएको निर्णयलाई मानवीय समिक्षा गराउन, निर्णयमा आफ्नो बिचार व्यक्त गर्ने र निर्णयको स्पष्टीकरण माग्ने अधिकार हुनेछ ।

१०. विवाध समाधान प्रक्रिया

तपाईंको डाटा प्रसोधनसँग सम्बन्धित सबै विवाधहरु ग्राहक सेवा (info@bolt.eu) बाट पहिलो चरणमा समाधान हुनेछन् । तपाईंलाई बोल्टका डाटा सुरक्षा कर्मचारी (privacy@bolt.eu) लाई सम्पर्क गर्ने अधिकार पनि छ ।

एसटोनिया डाटा प्रोटेक्सन इन्स्पेकटोरेट (www.aki.ee) हाम्रो निरीक्षण गर्ने निकाय रहेको छ ।

११. यस सूचनालाई राम्रो बनाउने

आशा छ तपाईंले यो सूचना सजिलै बुझ्न सक्ने पाउनुभयो ।

डाटा सुरक्षाका नियम महत्वपूर्ण हुन्छन् र तपाईंको जानकारी सम्बन्धि अधिकारहरुलाई सुदृडिकरण गर्छन् । यी धैरै नियम अलि जटिल देखिए तापनि सबै व्यवहारिक ज्ञानमा आधिरित छन् । हामीले तपाईंहरुको डाटाको जिम्मेवारी धैरै गम्भीर रुपमा लिएका छौं । बोल्टले तपाईंको गोपनियताको सुरक्षा प्रतिको हाम्रो प्रतिबद्दताका एक अंगको रूपमा र यस गोपनीयताको सूचनामा अझ पारदर्शी बनाउनका निमित्त फेरबदल गरिरहने छ ।

अन्तिम अध्यावधिक मिति: २०७९ साल चैत्र १ गते